
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



सवारी साधनमा अनावश्यक भीडभाड नगरौं ।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*
नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २० गते आइतबार ❑ 6 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## कास्कीमा निर्वाचनको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका कास्कीमा तयारी तीव्र बनाएको निर्वाचन कार्यालयले जनाएको छ। कास्कीमा निर्वाचन सामग्री जिल्लामा आइसकेको प्रदेश निर्वाचन कार्यालय, गण्डकी प्रदेशले जनाएको छ।

पोखरामा आएको सामग्रीबाट मतपत्र मिलाउने र सर्टिङ गर्ने काम भइरहेको प्रदेश निर्वाचन कार्यालय, गण्डकीका सूचना अधिकारी रुद्रनाथ न्यौपानेले जानकारी दिनुभयो। "निर्वाचन आयोगबाट मतपत्र ढुवानी गर्ने काम गरिरहेको छ । जसअन्तर्गत कास्कीमा निर्वाचन सामग्री आइसकेको छ", उहाँले भन्नुभयो, "निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मिलाउने र सर्टिङ गर्ने काम भइरहेको छ भने प्रदेश कार्यालयबाट सामान सुरक्षित गर्ने काम भइरहेको छ।" मतदान अधिकृत नियुक्ति भइसकेपछि जिल्लाका एक सय ५० मतदान केन्द्रमा पुऱ्याउने उहाँले बताउनुभयो।

कार्यालयले जनशक्ति व्यवस्थापनको काम पनि अघि बढाइरहेको उहाँले जानकारी दिनुभयो । "प्रदेश निर्वाचन कार्यालयले सम्पूर्ण शिक्षक कर्मचारीको विवरण तयार गरी निर्वाचन अधिकृतको कार्यालयलाई बुझाइसकेको छ", उहाँले भन्नुभयो, "मतदान अधिकृतहरू यही २१/२२ गतेतिर नियुक्ति हुनुहुन्छ । उहाँहरूको तालिम सकिएपछि पोखराको कार्यालयमा आएको सामग्री लिएर खटाइएको केन्द्रमा जानुहुन्छ।"

आगामी मङ्सिर १ गते नै मतदान अधिकृतसँगै सामग्री मतदान केन्द्रमा पुग्ने उहाँले जानकारी दिनुभयो । कास्कीसहित गण्डकी प्रदेशका केही जिल्लामा निर्वाचन सामग्री पुगिसकेको जानकारी दिँदै छिट्टै ११ वटै जिल्लामा सामान पुग्ने उहाँले बताउनुभयो। निर्वाचनमा ७० किसिमका सामग्री प्रयोगमा आउने भएका छन् । स्थानीय तहमा जस्तै यो चुनावमा पनि मास्क र स्यानिटाइजर थप भएका छन्। आयोगको सूचीमा मतपत्र र मतपेटिकासँग समान्यभन्दा सामान्यदेखि महत्वपूर्ण सामग्रीलाई समेटिएको छ । निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन तयारी तीव्र बनाउने क्रममा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना भाएको र उजुरी परेको उहाँले जानकारी दिनुभयो । कार्यालयमा परेका उजुरी उपर कारबाही प्रक्रिया अघि बढाएको उहाँले बताउनुभयो । निर्वाचनमा सुरक्षा प्रयोजनका लागि कास्कीमा एक हजार पाँच सय ९६ म्यादी प्रहरी परिचालन गरिने भएको छ । हाल भर्ती भएका म्यादी प्रहरी ४० दिनका लागि परिचालन गरिनेछ । जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार पोखरा महानगरपालिकासहित जिल्लाका चार गाउँपालिकामा उक्त सङ्ख्यामा म्यादी प्रहरीलाई निर्वाचन सुरक्षाका लागि खटाइने भएको हो । म्यादी प्रहरीलाई आवश्यक तालिम दिइसकेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिनुभयो।

कास्कीमा भर्ना भएका म्यादी प्रहरीलाई शुक्रबारदेखि नै कार्यक्षेत्रमा खटाइएको प्रनाउ तिवारीले जानकारीदिनुभयो।"उनीहरूलाई तालिम दिने काम सकिएको छ पोसाकलिएर उनीहरूकार्यक्षेत्रमा खटिइसकेका छन्", उहाँले भन्नुभयो, "म्यादी प्रहरीहरूको काम असोज ३० गतेदखि नै सुरु भएको हो । उनीहरूको काम निर्वाचन सकिएको चार/पाँच दिनसम्म हुन्छ।"

## करका दरमा गरिएको परिवर्तन बदर गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई करका दर परिवर्तन गरेकोबारे २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो उपलब्ध गराउन निर्देशन दिएको छ।

निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो। आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ । "गण्डकी प्रदेश सरकारले २०७९/०६/२७ गतेको प्रदेश राजपत्र खण्ड-५, सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको", स्पष्टीकरणपत्रमा उल्लेख गरिएको छ। निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा यस प्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्नुका साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख)को विपरीतसमेत देखिएको पत्रमा उल्लेख गरिएको छ।

गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवलाई समेत छुट्टाछुट्टै स्पष्टीकरण सोधिएको छ। स्पष्टीकरणपत्रमा "निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख) को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम निजहरूलाई कारबाही किन हुनु नपर्ने हो ? भनी आफ्नो तर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेश गर्न", निर्देशन दिइएको छ।

## नेपाल र श्रीलङ्काबीच ऐतिहासिक र धार्मिक सम्बन्ध छ : श्रीलङ्काली प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १९ कार्तिक**

श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणवर्द्धनाले नेपाल र श्रीलङ्काबीच ऐतिहासिक र धार्मिक सम्बन्ध रहेको बताउनुभएको छ । दक्षिण एसियाका नेपाल, भारत र श्रीलङ्का पत्रकारहरूसँगको भेटमा प्रधानमन्त्री


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## निर्वाचनमा ४४ राष्ट्रिय र तीनवटा अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षण अनुमति

**रासस**
**काठमाडौं, १९ कार्तिक**

आगामि मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा ४४ राष्ट्रिय र तीनवटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिइएको छ।

निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले कुनै पनि पक्ष र विपक्षमा नलाग्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिइएको जानकारी दिनुभयो । उहाँले देशभर स्वयम्सेवीका रूपमा खटिने करिब १० हजार पर्यवेक्षकले संस्थामार्फत उपलब्ध गराउने निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा उल्लेख हुने सुझावलाई निर्वाचन आयोगले ग्रहण गर्ने बताउनुभयो।

यस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सात सय ५० जनाभन्दा बढी निर्वाचन पर्यवेक्षक खटाउने भएको छ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले एक सय ६५ निर्वाचन क्षेत्रमा सात सय ५० जनाभन्दा बढी निर्वाचन पर्यवेक्षक खटाउने जानकारी दिनुभयो।

कार्यकारी निर्देशक गौतमले प्रजातन्त्र स्थापनापछिका सबै निर्वाचनमा इन्सेकले पर्यवेक्षण गर्दै आएको उल्लेख गर्दै यसपटक पनि निर्वाचनमा पर्यवेक्षक खटाउने बताउनुभयो।

## मुलुक र जनताप्रति जिम्मेवार भएर काम गर्दछु–एमाले नेत्री भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**



नेकपा एमाले केन्द्रीय सदस्य एवम् कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले मुलुक र जनतप्रति जिम्मेवार भएर काम गर्ने बताउनु भएको छ।

साविक कृष्टि गाविसबाट पोखरा १७ मा वसोवास गर्दै आउनु भएका मतदातासंग आज भएको उम्मेदवार परिचय एवम् अन्तकृया कार्यक्रममा उहाँले त्यस क्षेत्रको विकास निर्माणमा निरन्तर लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभएको हो । निर्माण व्यवसायिको ढिलासुस्ति को कारण समयमा सम्पन्न हुनसकेको फुस्रेखोला, रामदी, मट्टीखान, नुवाकोट सडक निर्माणले निरन्तरता पाउने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, सो सडक संघ सरकारवाट प्रदेशलाई हस्तान्तरण भई सकेको छ । उक्त क्षेत्रलाई सडक सञ्जालले पोखरा बजारसंग जोड्न बिभिन्न पहुचमार्ग निर्माणमा जोड दिंदै आएको बताउँदै उहाँले सडक सुविधाले बजारिकणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

दुःखको परिस्थितिमा आफु अधुरा काम पुरा गर्ने उपनिर्वाचनमा उम्मेदवार बन्दा यस क्षेत्रका मतदाताले पुऱ्याएको योगदानको उच्च कदर गर्दै नेत्री भट्टराईले निती निर्माण तथा विकास निर्माणका साथै महिला अधिकारका सम्वन्धमा भूमिका निर्वाह गर्दै आएको स्पष्ट पार्नुभयो। निर्वाचन क्षेत्र नं. २ (क) का उम्मेदवार भिमबहादुर कार्कीले राष्ट्र र समाजप्रति समर्पित हुँदै जनभावना अनुसार प्रतिवद्ध भएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो । पार्टीको घोषणापत्र, गण्डकी प्रदेशको प्रतिवद्धतापत्रका अनुसार समृद्धिको अभियानमा जुटनेमा उहाँको जोड थियोव।

मित्रमिलन टोल विकास संस्थाका अध्यक्ष चित्रप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा २१ का वडाअध्यक्ष दिपकप्रसाद सुवेदी, भिरस्वारा टोल विकास संस्थाका अध्यक्षँ राजेन्द्र पौडेल,मट्टीखान टोल विकास संस्थाका निर्वतमान अध्यक्ष जुद्धवहादुर क्षेत्री,ध्वाँकोट टोल विकास संस्थाका राजकुमार थापा, विजय पौडेल लगायतले सो क्षेत्रको विकास निर्माणसंगै समस्या र समाधानका बारेमा उम्मेदवारलाई ध्यानाकर्षण गराउनु भएको थियो।




# ओम् शान्तिमा निःशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

लायन्स् क्लब अफ पोखरा, भृकुटीको आयोजना एवम् ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रीय कार्यालय, नयाँबजार, पोखराको सहआयोजनामा आध्यात्मको बाटो पछ्याउँदै नैतिक शिक्षा ग्रहण गरिरहनुभएका साधक साधिकाहरु लगायत सर्वसाधारणलाई सहज रुपमा स्वास्थ्य सेवा पुर्याउने उद्देश्यले नयाँबजार स्थित ओम् शान्ति भवनमा नाक, कान, घाटी र आँखा सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर एवम् औषधी वितरण कार्यक्रम सम्पन्न भएेको छ । लायन्स् क्लब भृकुटीका अध्यक्ष लायन गौरी कोइरालाको सभाधक्ष्यतामा रहेको कार्यक्रममा प्रमुख आतिथ्यता लायन्स कलब



३२५ एमका प्रमुख डिस्ट्रिक्ट सल्लाहकार लायन धनिराम बराल ज्यूको रहेको थियो । श्रीकृष्ण इएनटि केयर प्रा.लि. नयाँबजार, दृष्टि आँखा अस्पताल, नयाँबजार एवम् लाइफ केयर डाइगनोस्टिक प्रा. लि. न्यूरोडको प्राविधिक सहयोगमा आयोजित उक्त कार्यक्रमको संयोजकत्व लायन शान्ति पोखेल गौतम, लायन सुष्मा रेग्मी एवम् लायन कमला पाण्डे ज्यूले गर्नुभएको थियो । विशेष अतिथिको रुपमा रहनुभएका ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका महासचिव राजयोगी ब्रह्माकुमार शैलेषराज बराल एवम् लायन मैना आर्याल ज्यूले कार्यक्रमको सफलताको लागि शुभकामना मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा दृष्टि अस्पतालका अध्यक्ष महेश्वर पोखेल, लाईफ केयर डाइगनोस्टिकका प्रवन्ध निर्देशक शुक्रराज कँडेल, ब्रह्माकुमारीज क्षेत्रीय कार्यालय सञ्चालिका राजयोगिनी ब्र.कु. शोभा दिदी, मणीपाल शिक्षण अस्पतालका नाक, कान, घाटी विभाग प्रमुख प्रो. डा कृष्ण कोइराला, लायन पुष्पा आचार्य, लायन मल्लिका आचार्य, लायन बिष्णु बरालू, डा. विनयराज पाण्डे, लायन सकुन्तला आचार्य, डा विप्लव भुजेल, डा अन्जिता हिराचन, ला शोभा कुमारी पौडेल लगायतको अतिथ्यता तथा सेवा सक्रियता रहेको थियो । करिब २०० जनाले निःशुल्क स्वास्थ्य सुविधाबाट लाभ लिनूभएको सो कार्यक्रममा बिरामीहरुको मधुमेह तथा रक्तचाप जाँचको सुविधा पनि व्यवस्था गरिएको थियो । कार्यक्रमको सञ्चालन लायन्स क्लब पोखरा भृकुटीका प्रथम उपाध्यक्ष सम्झना रानाभाटले गर्नुभएको थियो ।



कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ८ इदिखोलाका स्थानीय किसान धान काट्न व्यस्त । तस्बिर : जमुना वर्षा शर्मा

# बेलबारी गोल्डकपः सहारालाई एपीएफ बाधक

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

पोखराको सहारा क्लब मोरङको बेलबारीमा जारी पाँचौ संस्करणको बेलबारी बुद्ध एअर अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ ।

उपाधि जित्ने लक्षसहित मोरङको बेलबारी डांगीहाट उत्रिएको सहारालाई सेमिफाइनल पुग्नबाट विभागीय एपीएफ बाधक बन्यो । उत्कृष्ट खेल पस्केको सहाराले विभागीय सशस्त्र प्रहरीको एपीएफ (काठमाण्डौं) सँग टाइब्रेकरमा ५-४ ले हार ब्यहोर्‍यो । निर्धारित ८० मिनेटमा दुबै टोलीले १-१ को बराबरी खेलेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा सहाराका कप्तान अजित भण्डार ीसहित सरोज योञ्जन, दीपेश आलेमगर, जय गुरुङले टाइब्रेकरमा गोल गर्न सफल भए । आशिष गुरुङको टाइब्रेकर सूट भने एपीएफका गोलरक्षक राजु



नगरकोटीले रोके । यता, एपीएफको तर्फबाट भने गोलरक्षक राजु नगरकोटीसहित नविन लामा, हरि कार्की, सुदिप सिखाकार र श्याम नेपालीको टाइब्रेकर सूट गोलमा परिणत भएको थियो । बेलबारी डांगीहाट फुटबल मैदानमा भएको खेलमा दर्शकहरुको अपार समर्थन पाएर पनि सहारा क्लबले खेललाई बराबरीमा ल्याउन सफल बन्यो ।

सहाराका गोलरक्षक टिकेन्द्र थापाले टाइब्रेकरमा पूरै खेल्न सकेनन्। एपीएफका हरि कार्कीको टाइब्रेकर सूट दायाँ खुट्टाले रोक्न खोज्दा टिकेन्द्रको घुँडाको चोट बल्भियो। यसअघि, नै एपीएफको फ्री-किक गोललाई रोक्न खोज्दा टिकेन्द्र घाइते घुँडाको चोट बोकी सकेका थिए । टिकेन्द्रको सट्टामा डिफेन्डर आशिष गुरुङले सहाराको पोष्ट सम्हाले ।

यसअघि, खेलको २३ औं मिनेटमा गोल खाएको सहाराले पहिलो हाफको इञ्जूरी समयमा गोल फर्काएको थियो । करिब २० मिटरबाट भिषण गुरुङ फ्रीकिक बललाई कप्तान अजित भण्डारीको सर्ट पास डिफेन्डर भिषण क्रसमा आशिषका हेड क्रसलाई दीपश आलेले हेडबाटै गोल गर्दै सहारालाई खेलमा फर्काएका थिए । यसअघि, विभागीय एपीएफले पनि फ्रीकिकबाटै गोल गर्दै खेलमा अग्रता लिएको थियो । डीबक्स नजिक एपीएफका नविन लामालाई सहाराका सन्तराम गुरुङले लडाएपछि एपीएफले फ्रीकिक पाएको थियो । प्राप्त फ्रीकिक अवसरलाई नविनले नै सिधा गोल गर्न सफल भए ।

सहाराको एउटा टाइब्रेकर सूट रोक्न सफल एपीएफका गोलरक्षक राजु नगरकोटी खेलको 'म्यान अफ दि म्याच' बने । मुख्य रेफ्री श्याम दनुवारले सहाराका सन्तराम गुरुङ र रन्दीप पौडेल तथा एपीएफका शरणसिंह बस्नेत, मणि लामा, दीपेश धिमाल र बीके तामाङलाई पहेंलो कार्ड देखाए । विभागीय एपीएफ सेमिफाइनल पुगेको छ। अब, एपीएफले आयोजक बेलबारी डांगीहाट युथ क्लबसँग सेमिफाइनल खेल्नेछ । सिधा बाई पाएर क्वार्टरफाइनल खेलेको आयोजक डांगीहाट युथ क्लबले झापाको रोलिङ क्लबलाई हराउँदै सेमिफाइनल पुगिसकेको छ ।

# जनताको आवश्यकता मेरो प्राथमिकता - बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

कास्की क्षेत्र नं १ का प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले जनताको आवश्यकता नै आफ्नो प्राथमिकता भएको बताउनु भएको छ ।

कास्की काँग्रेसका सभापति समेत रहनु भएका उम्मेद्बार बरालले जनताले आवश्यकता अनुसार छनोट गरेका योजना नै आफ्नो योजना हुने उल्लेख गर्नुभयो । कास्कीको रुपा गाउँपालिकाको तालबेसी, काउँरे, हंसपुर, हाँसपोखरी, पिप्ले, ठूलीबैंसी, पोखरा महानगरपालिका वडा नं २८ को स्याङ्खुदी, कडेल गाउँ र ओख्लेमा आयोजित कोणसभाहरुमा बोल्दै उहाँले



जनताका समस्यालाई आफूले चिनेको उल्लेख गर्नुभयो ।

'सबैको नाम र बस्ने ठाउँ नै भनेर म सबैलाई चिन्दिन होला उहाँले भन्नुभयो - तर जनताका समस्यालाई नजिकबाट चिनेको छु।' उहाँले जनताका समस्यालाई समाधान गर्ने मौका आएकाले गठबन्धनका उम्मेद्बारलाई जिताउन आग्रह गर्नुभयो । उम्मेद्बार बरालले गठबन्धनको पक्षमा जनलहर रहेको दावी गर्दै कुनै पनि शक्तिले हल्लाउन नसक्ने बताउनुभयो । उहाँले प्रकृतिले चिनाएको पोखरालाई मानवीय विकासका योजनाले पनि चिनाउनुपर्ने आवश्यकता औल्याउनुभयो । नेता बरालले चुनाव जित्नका लागि झुटो कुरा नगर्ने बताउनुभयो । झुटो कुरा गरेर मत माग्ने र पछि पुरा नगर्दा समाज र मतदाताको अपमान हुने भन्दै झुटो कुरा नगर्ने उहाँको भनाइ छ । उम्मेद्बार बराल आइतबार पनि रुपा गाउँपालिकाका विभिन्न स्थानमा हुने कोणसभामा सहभागि बन्नुहुने छ ।

# 'संविधानको रक्षा गर्दै विकास र समृद्धिका लागि मेरो उम्मेदवारी'-मनबहादुर गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

नेकपा एमाले तर्फबाट कास्की क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार मनबहादुर गुरूङले केन्द्र र प्रदेशमा बहुमत ल्याउँदै संविधान र व्यवस्थाको रक्षा गर्दै विकास र समृद्धिका लागि पनि आफ्नो उम्मेदवारी रहेको बताएका छन् । शनिवार पोखरा १४ मा घरदैलो कार्यक्रम गर्दै उम्मेदवार गुरूङले यस्तो बताएका हुन् ।

उम्मेदवार गुरूङले नागरिकको आधारभूत आवश्यकता सहज उपलब्धताका लागि आफ्नो पार्टी नेकपा एमाले प्रतिबद्ध रहेको बताए । उनले कृषियोग्य जमिनको सिँचाइका लागि मुलफाँटमा सिँचाइ योजना निर्माण गरिने र कृषिको पकेट क्षेत्रका रूपमा विकास गर्दै स्थानियको कफीलाई विश्व बजारसम्म पुऱ्याउन विशेष पहल गर्ने स्पष्ट पारे । गुरूङले पशुपालन र तरकारी बालीको विकासका लागि पनि निष्ठाका साथ काम गर्ने बताउँदै युवा तथा महिलाहरूलाई उद्यमशीलतासँग जोड्दै आफूहरु अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

'चुनावका बेला मात्र देखिने फिरन्ते जनप्रतिनिधि हुनेछैन, म हर समय यहाँहरूको घरआँगनमा हुनेछु । म तपाईहरुको इमानदार कार्यकर्ता हुँ, जनसेवक हुँ ।- उनले भने । केन्द्रीय राजनीतिमा यस क्षेत्रको पहुँच विस्तार गर्दै विकासका योजनाहरू ल्याउनका लागि आफ्नो जित आवश्यक रहेको उनले भनाई छ । चुनावी अभियानको क्रममा रहेका एमाले उम्मेदवार गुरूङसँग स्थानीय नागरिकहरूले आफूहरू बाटोको असुविधा, खानेपानी, सिँचाइ लगायतको समस्याबाट पीडित बनेको गुनासो गरेका थिए । 'हामीलाई खानेपानीको ठुलो समस्या छ । बाटोघाटोको असुविधा झेलिरहेका छौँ । यसमा यहाँहरूको ध्यान जाओस् ।' स्थानियले भने ।

# नेपाल...

गुणवर्द्धनाले श्रीलङ्कामा करिब ७२ प्रतिशत बुद्धधर्मावलम्बी रहेको र नेपालको लुम्बिनी बुद्धको जन्मस्थल भएकाले पनि नेपाल र श्रीलङ्काबीच धार्मिक सम्बन्ध रहेको बताउनुभयो ।

"राम, सीता र रावणका विषय धार्मिक इतिहासमा छ । अझ आस्थाको केन्द्र पशुपतिनाथ नेपालमा छ । यसले पनि दुई देशबीचको सम्बन्धलाई थप प्रगाण बनाएको छ", उहाँले भन्नुभयो ।

सङ्कटको समयमा छिमेकी देशले गरेको सहयोग प्रसंशनीय भएजस्तै सञ्चारकर्मीले पनि सकारात्मक समाचार सम्प्रेषण गरेर सहयोग गर्नुपर्नेमा उहाँको जोड थियो ।

"पछिल्लो समय श्रीलङ्काको अर्थतन्त्रमा केही सुधार आएको छ", उहाँले भन्नुभयो, "यहीँ सत्यतालाई नेपाल, भारत र श्रीलङ्काका पत्रकारले जिम्मेवारी पूर्वक सूचना प्रवाह गर्नुपर्ने अपेक्षा राखेको छु ।" दक्षिण एसिया नेपाल, भारत, श्रीलङ्काका पत्रकारको समूहलाई श्रीलङ्काको वर्तमान राजनीतिक, सामाजिक र आर्थिक स्थितिको बारेमा प्रकाश पार्न र आगामी दिनमा थप पर्यटकलाई श्रीलङ्का भ्रमण गराउन आमन्त्रित गरिएको हो । टोलीमा सहभागी पत्रकार सम्झना पौडेलका अनुसार यस 'मिडिया परिचय टुर' को आयोजना श्रीलङ्काली सरकार, टुरिजम प्रोमोसन ब्यूरो श्रीलङ्का र एशिया मिडिया कल्चर एशोसियशनले गरेको हो ।

एएमसिएका अध्यक्ष उपुल जानका जय सिङ्गेले पर्यटन प्रवर्द्धन ब्यूरोकोतर्फबाट मिडिया परिचय टुरले श्रीलङ्काको मात्र नभइ एसियाली देशको नै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा राखिएको बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# करले जेलिएको गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारले जनताको ढाड सेक्नेगरी कर बढाउने निर्णय फिर्ता लिन चौतर्फी दबाब दिदा वास्ता गरेन । काङ्ग्रेस नेतृत्वको गठबन्धन सरकारले जनभावना बुझ्न सकेन । माओवादी केन्द्रका अर्थमन्त्री रामजी प्रसाद बरालले विपक्षी र गठबन्धनका दलको पनि आवाज सुन्न चाहेनन् । कर बढाएर जनतालाई आहात पार्ने काम नग्न दिएको सुझाव नमानेपछि अहिले गलपासो भएको छ । चुनावमा कर बृद्धीको विरोधको सामना गर्नुपरेपछि घटाउने निर्णय भयो । जनताको घर दैलो जाँदा विरोध हुने देखेर घटाउन खोज्दा निर्वाचन आयोगको फन्दामा परेको छ । निर्वाचन आयोगले करका दरहरू परिवर्तन गरिएको बारे गण्डकी प्रदेश सरकारलाई स्पष्टीकरण सोधेको छ । निर्वाचन आचारसंहिता लागु भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै स्पष्टीकरण सोधिएको छ ।

आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ । 'गण्डकी प्रदेश सरकारले २०७९/०६/२७ गतेको प्रदेश राजपत्र खण्ड-५, संख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको' स्पष्टीकरणपत्रमा उल्लेख छ । पहिले प्रतिपक्षी र गठबन्धनका दलको सुझाव नमान्ने सरकारले कर घटाउने निर्णय पवित्र भावनाले होइन । 'निर्वाचनको सम्मुखमा आचारसंहिता लागु रहेको अवस्थामा यसप्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्नुको साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख)को विपरीत समेत देखिएको' उक्त पत्रमा उल्लेख छ ।

गण्डकी सरकारको सो निर्णय २४ घण्टाभित्र बदर गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन निर्देशन दिइएको छ । करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुखसचिव र अर्थ मन्त्रालयका सचिवलाई समेत छुट्टाछुट्टै स्पष्टीकरण सोधिएको छ । आ-आफ्नो तर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेस गर्न निर्देशन समेत दिइएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर प्रतिबद्धता पत्र

पोखरापत्र संवाददाता
दमौली, १९ कार्तिक

तनहुँ क्षेत्र नं २ का वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

नेपाली कांग्रेस, नेकपा (माओवादी) केन्द्र, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत समाजवादीका तर्फबाट संयुक्त उम्मेदवारहरूले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर प्रतिबद्धता सार्वजनिक गरेका हुन् । तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले आफूहरू जनताको सेवक भएर काम गर्ने बताउँदै प्रतिबद्धता पत्रका काम पूरा गर्ने बताउनुभयो । अबको पाँच वर्ष विकास निर्माणका योजनाहरू पूरा गर्ने बताउँदै भण्डारीले साझा 'एजेन्डा'का साथ समृद्धि हासिल गर्ने उल्लेख गर्नुभयो । शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयहरूको शैक्षिक एवम् भौतिक समस्याहरूको समाधान गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने, व्यावहारिक शिक्षा प्रदान गर्ने र प्राविधिक शिक्षाको विस्तारका साथै सुविधासम्पन्न पुस्तकालयहरूको निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सरकारी एवं सामुदायिक विद्यालय र क्याम्पसहरूमा विद्यार्थी अनुपातमा दरबन्दी उपलब्ध गराउँदै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न भौतिक संरचना निर्माण गर्ने उल्लेख गरिएको छ । स्वास्थ्य सेवातर्फ सबै पालिकाहरूमा सुत्केरी हुने महिलालाई अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स उपलब्ध गराउने, जिपी कोइराला श्वासप्रश्वास अस्पतालबाट जनताले गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य उपचार प्राप्त गर्नका लागि आधुनिक चिकित्सा प्रणालीभित्र पर्ने सबै संयन्त्रको व्यवस्था गरिनाका साथै शिक्षण अस्पतालका रूपमा विकास गर्ने, प्रदेश सरकारले बिरामीहरूका लागि निःशुल्क रूपमा रगत उपलब्ध गराउने व्यवस्था मिलाउने, निर्वाचन क्षेत्रभित्र सर्वसुलभ र सबैलाई पायक पर्ने गरी स्तरीय आँखा अस्पताल बनाइने उल्लेख गरिएको छ । खानेपानीतर्फ यस क्षेत्रभित्रका पालिकामा मूलहरूको संरक्षण, एक घर एक धारा कार्यक्रम लागू गरी प्रभावकारी वितरणमा जोड दिने, हरेक घरका धारामा स्वच्छ खानेपानीको व्यवस्थाका लागि काम गर्ने, पालिका, जिल्ला, प्रदेशस्तरीय खानेपानीका सम्बन्धित कार्यालयहरूसँग समन्वय गरी खानेपानी आयोजनाहरू सञ्चालन र अधुरा योजनाहरू समयमै सम्पन्न गर्ने उल्लेख गरिएको छ । कृषि तथा सिँचाइतर्फ कृषि बीमा कार्यक्रमलाई व्यापक रूपमा लागू गर्ने, कृषि उत्पादनका लागि सहुलियतपूर्ण कर्जा एवम् कृषि औजारको व्यवस्था गर्ने, कृषिमा उत्पादित फलफूल, तरकारी, दूध जस्ता वस्तुहरूको बिक्री गर्ने हाटबजारको व्यवस्थाका लागि समन्वय गर्ने, बाँझो रहेको जमिनमा कृषि उत्पादनका लागि विशेष योजनासहित सहयोग उपलब्ध गराउने, कृषिमा आधुनिकीकरण तथा उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने उल्लेख गरिएको छ । विद्युत् तर्फ विद्युत्को खपत बढाउन र ग्यास जस्तो आयातीत वस्तुलाई निरुत्साहित गर्न हरेक घरलाई पालिकामार्फत विद्युतीय चुल्हो वितरण व्यवस्था मिलाउने, बस्ती भएका ठाउँमा नाङ्गो तार हटाई कालो तारको व्यवस्था गर्ने, यस क्षेत्रमा २४ घण्टा विद्युत् आपूर्ति गर्ने प्रणालीको विकास गर्न गाउँमा थ्रिफेस लाइनको व्यवस्था गरिने उल्लेख गरिएको छ । सडकतर्फ यस क्षेत्रभित्रका सडकको स्तरोन्नति गरी पालिकामा नगर बस सञ्चालन गर्ने, पर्यटकीय गाउँहरूमा यातायात मार्ग चौडा र पिच गरी तराईसँग जोडने द्रुत मार्गको विकास गर्ने, सडकमा खाल्डाहरू पर्नासाथ त्यसको मर्मत अर्थात् खाल्टा पुर्नाका लागि सडक एम्बुलेन्सको प्रबन्ध गर्ने उल्लेख गरिएको छ । सामाजिक सुरक्षातर्फ द्वन्द्वपीडित, अल्पसङ्ख्यक, अपाङ्गता र विपन्न दलितलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था मिलाउने, अपाङ्गता भएका बालबालिका एवं व्यक्तिलाई निःशुल्क शिक्षा प्रदान गर्ने, ५० वर्षभन्दा माथिका एकल पुरुषलाई एकल महिलासरह भत्ता सहयोग उपलब्ध गराउने, ज्येष्ठ नागरिकका लागि दिवा आध्यात्मिक केन्द्र बनाउने साथै धार्मिक अल्पसङ्ख्यकका लागि उचित प्रबन्ध गर्ने उल्लेख गरिएको छ । खेलकुदतर्फ स्वस्थ र आत्मनिर्भर युवा, देश विकासमा टेवा भन्ने नारालाई सार्थक बनाउन जिमखाना र योगाभ्यासको सुविधा साथै एक वडा एक खेल मैदान कार्यक्रमलाई सहयोग पुऱ्याउने उल्लेख छ ।

# दीपशिखा सामुदायिक पुस्तकालयको १५औं साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक

पोखरा महानगरपालिका वडा नं २९ मा रहेको दीपशिखा सामुदायिक पुस्तकालयको १५औं साधारणसभा शनिवार सम्पन्न भएको छ । पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका शिक्षा संस्कृति तथा प्रविधि मन्त्रालयका उपसचिव भोजराज न्यौपानेले नेपाल सरकार शिक्षा संस्कृति तथा प्रविधि मन्त्रालयबाट वर्षकै उत्कृष्ट पुस्तकालयका रुपमा पुरस्कृत बन्न सफल भएकामा बधाई ज्ञापन गर्दै पाठकहरु निरन्तर पुस्तकालय आउने वातावरणका लागि अझै लागिरहन प्ररित गरे । साधारणसभामा पुस्तकालयका कार्यसमितिका सचिव पदमप्रसाद अधिकारीका नीति नियमहरु, प्रगति प्रतिवेदन सहित भावी योजना,कोषाध्यक्ष माधव भण्डारीको आर्थिक प्रतिवेदन पारित भएका थिए । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवम् वडा नं २९ की वडा सदस्य समेत रहेकी पुस्तकालयकी उपाध्यक्ष निर्मला पौडेलले स्वागत गरेकी थिइन् । आजिवन सदस्य डिल्लिराम पौडेल, लेखनाथ उद्योग वाणिज्य संघका उपाध्यक्ष विनोद श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए भने कर्मचारीहरु धनु पहारी र माया गुरुङ्गलाई सम्मान गरिएको थियो ।

**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तु: विक्रीमा छ ।

सम्पर्क:
९८२७१९९५८६
९८१९५२९०४५

# विकासका लागि एमालेको विकल्प नरहेको पोखरा २३ का मतदाताको प्रतिक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक

नेकपा एमाले कास्की क्षेत्र नम्बर ३ का उम्मेदवारहरुले शनिबार पोखरा-२३ का विभिन्न स्थानमा घरदैलो गरेका छन् ।

प्रतिनिधी सभा सदस्यका उम्मेदवार दामोदर पौडेल (बैरागी) र क्षेत्र नम्वर ३ (ख) का प्रदेश सभा सदस्यका उम्मेदवार राजिव पहारीले सो क्षेत्रका स्थानियसँग भोट अपिल गर्दै त्यहाँ पुगेका हुन् । उम्मेदवारहरुलाई आफ्नों घर आँगनमा पाउँदा त्यस क्षेत्रका जनताहरु उत्साहित भए । उनीहरु स्वतःस्फुर्त घरबाट निस्किदै उनीहरुको घरदैलो कार्यक्रमलाई समेत साथ दिए । पोखरा २३ का स्थानियले सो क्षेत्रका निवर्तमान सांसद समेत रहेका राजिव पहारीले ३० वर्षदेखि पुल बनाउने आफुहरुको सपना साकार पारेको भन्दै फेरी पनि पहारीलाई नै उम्मेदवार पाउँदा खुसी लागेको बताए ।



बस्ती संरक्षणका लागि दिनरात र वर्षातको समेत प्रवाह नगरी जनसेवामा खटेका पहारीको योगदान आफुहरुले नविर्सिएको घाँटिछिना, ठूलाखेतका स्थानियहरुको प्रतिक्रिया छ। त्यस्तै लामो समयदेखि निष्ठाको राजनीति गर्दै आएका दामोदर बैरागी विजयी भएपछि जनसेवामा पनि त्यसरी नै लाग्नेमा उनीहरुले विश्वास व्यक्त गरे । शनिबार उम्मेदवार बैरागी र पहारी वडा नम्बर २३ स्थित असलचौर, लोखलढुङ्गा, बाम्दी, निर्मने, खोरपाखा, चैनपुर, बाम्दी लगायतका स्थानमा पुग्दा त्यहाँका आमा समुह, युवा समुह लगायतले स्वागत गरेका थिए । उनीहरुले विकासको विकल्प एमाले बाहेक अरु नभएको बताउँदै फेरी पनि एमालेकै उम्मेदवारलाई विजयी गराउने संकल्प गरे ।

यसअघि उम्मेदवारद्वय पहारी र बैरागीले शुक्रबार पोखरा-२४ स्थित कास्कीकोट, पामे, लौरुक, कार्कीको तहरा, खोरियापानी, गैह्रावारी, मौला,पाटेस्वाँरा, लौसिवोट, खड्गाउँ लगायका स्थानहरुमा घरदैलो गरेका थिए ।

# आश्रमलाई परमार्थनगर क्लबको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक

परमार्थनगर क्लबले पोखरा २७ डाँडाको नाक स्थित श्रीकृष्ण प्रणामी वृन्दावन धाम तथा बाल आश्रममा सहयोग गरेको हो । क्लबले देउसी भैलो बाट उठेको रकमको बिस प्रतिशत रकम सामाजिक दायित्व अन्तर्गत आश्रममा आश्रित बालबालिकाका लागि सहयोग प्रदान गरेको हो ।

पोखरा २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले रु ५०००५ (पचाँस हजार पाँच) रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका थिए । गुरुङले देउसी भैलो बाट उठेको रकमको बिस प्रतिशत रकम आश्रममा सहयोग गर्नाले समाजमा पनि राम्रो सन्देश जाने कुरामा जोड दिएका थिए । देउसी भैलो खेलेर उठेको रकम फजुल खर्च गर्नुको सट्टा यसरी सहयोग गर्दा आश्रममा आश्रित बालबालिकाको समस्या समाधानमा महत्वपूर्ण रहने विचार कार्यक्रमका विशेष अथिति लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले बताएका थिए। आश्रमका अध्यक्ष श्री १०८ स्वामी विष्णु वशिष्ठ महाराजले क्लबले गरेको सहयोगप्रति आभार



प्रकट गरेका थिए । सम्मान तथा सहयोग कार्यक्रममा देउसी भैलोमा रु. पाँच हजार भन्दा माथि सहयोग गर्ने सहयोग दाता तथा क्लबका आजिवन सदस्यहरुलाई सम्मान गरिएको थियो । सोहि अवसरमा क्लब स्थापनाकाल देखि क्लबको हरेक गतिविधि मिडियाका माध्यम बाट समाजमा लैजान महत्वपूर्ण भुमिका निर्वाह गरेको भनि लेखनाथ पत्रकार मञ्चका उपाध्यक्ष, लेखनाथ खबर डट कमका प्रधान सम्पादक तथा रेडियो लेखनाथका समाचार प्रमुख सुमन जिसी लाई सम्मान समेत गरिएको क्लबका सल्लाहाकार बिकास लामिछानेले जानकारी दिएका छन् ।

क्लबकी कोषध्यक्ष विष्णुकुमारी गुरुङले आर्थिक आय व्यय प्रस्तुत गरेको कार्यक्रममा शुभकामना मन्तव्य समाजसेबी हरि त्रिपाठी, त्रिलोचन लामिछाने, राजनैतिक व्यक्तित्व सुर्यमणि लामिछाने, प्रदेश सभा सदस्यका उमेदवार बाबुराम थापा, लेखनाथ सामुदायिका सेवा केन्द्रका अध्यक्ष कृष्ण अधिकारी, आश्रमकी संचालिका कला गुरूङ लगाएतले बोलेका थिए । क्लबका अध्यक्ष मनोज गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बिजय बस्ताकोटीले स्वागत तथा क्लबका सचिब ई. आदर्श लामिछानेले कार्यक्रमको संचालन गरेका थिए ।

# रामचौतारी युवा समुहको खेलकुद प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक

रामचौतारी युवा समुह, फुलबारी-११ द्वारा आयोजित खेलकुद कार्यक्रम अन्तर्गत व्याडमिण्टन प्रतियोगितामा स्मारक भण्डारी र शितल केसीको जोडी विजयी भएका छन् ।

शनिबार भएको फाइनल खेलमा एलिक पुन र यारिक्सन गुरुङ्गको जोडीलाई २१-१८, २१-१६ को सेटले पराजित गर्दै सो जोडीले प्रथम स्थान हाँसिल गरेको हो ।

त्यसैगरि सिनियर टेबल टेनिस प्रतियोगितामा राहुल भण्डारीले प्रथम तथा रामु बाँस्तोलाले द्वितिय स्थान हाँसिल गरे । त्यस्तै, जुनियरतर्फ साइमन बाँस्तोला विजेता र भिक्टर बाँस्तोला उपविजेता भए । विजयी खेलाडीहरुलाई पोखरा महानगरपालिका वडा ११ का सदस्य सुसिल बाँस्तोलाले नगद सहित मेडलले पुरस्कृत गरे । सो अवसरमा वडा ११ बाट हालै सम्पन्न नवौं



राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि खेलाडीहरुलाई सम्मान गरिएको थियो । यसअघि नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका सल्लाहकार एवं पूर्वाध्यक्ष विनोद लामिछानेले अफिसियल दिपकराज गिरी, दिप विक्रम शाही, सूर्यबहादुर थापा, अफिसियल सहयोगी सुबोध किशोर बाँस्तोला र शन्देस बाँस्तोलालाई खेल सामग्री हस्तान्तण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए । खेलकुद कार्यक्रम संयोजक दिपक भण्डारीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा निवर्तमान वडा सदस्य मिनबहादुर गुरुङ्ग, समाजसेवी माधव प्रसाद बाँस्तोला, धर्मराज बाँस्तोला, पूर्व खेलाडी रामनाथ भण्डारी, लगायतले शुभकामना मन्तव्य राखेका थिए । खेलकुदका माध्यमबाट स्वथ्य र अनुशासित समाज निर्माणका लागि समुहले यो कार्यक्रम आयोजना गरेको संयोजक दिपक भण्डारीले बताए । आगामी वर्षहरुमा यो कार्यक्रमलाई थप व्यवस्थित तवरले सञ्चालन गरिने भण्डारीको भनाई छ ।

# प्रथम ए.बि.सी एटए साईड, फ्रिडम ढोलाहिटीलाई उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**



प्रथम ए.बि.सी एट ए साईड राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि काठमाडौंको फ्रिडम ढोलाहिटीले जितेको छ। ४५ वर्षमाथिको उमेर समूहको प्रतिस्पर्धाको शनिबार पोखराको अमरसिंह माविको खेलमैदानमा सम्पन्न फाईनलमा फ्रिडमले नाईटकिंग्स सानो गौचरनलाई २-० गोल अन्तरले पराजित गर्दै १ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ नगदसहितको उपाधि जितेको हो।

अमरसिंह ब्वाईज क्लबको आयोजनामा सञ्चालित प्रतियोगिताको फाईनल निकै प्रतिस्पर्धात्मक बन्ने अपेक्षा दर्शकले गरेका थिए । पहिलो हाफमै पाएको पेनाल्टीले फ्रिडमलाई अग्रताको लियो । ६ मिनेटमा सानो गौचरनका प्रदीप लामाले फ्रिडमका सरोज थापालाई लडाएपछि पेनाल्टीको अवसर पाएको थियो । कप्तान विजय गुरुङले गोल गर्दै अग्रता दिलाए।

एक गोलले पछि परेको सानो गौचरनले दोस्रो हाफमा उत्कृष्ट प्रदर्शनबाट चुक्यो । खेलको २९ औं मिनेटमा तेजबहादुर गलामीले गोल गर्दै अग्रतालाई दोब्बर बनाए। उनको त्यो गोल नै प्रतियोगिताको अन्तिम गोल बन्न पुग्यो । उनलाई गोलको अवसर भने विजय गुरुङले मिलाईदिएका थिए । प्रतियोगितामा उपविजेता बनेको सानो गौचरनले नगद ७७ हजार ७ सय ७७ रुपैयाँ प्राप्त गर्‍यो। फाईनल खेलको म्यान अफ दि म्याचको पुरस्कार फ्रिडमका सरोज थापाले पाए । फ्रिडमका विजय गुरुङ सर्वोत्कृष्ठ खेलाडी घोषित भए। उनले नगद १०हजार प्राप्त गरे। सर्वाधिक गोलकर्ताको पुरस्कार सानो गौचरनका राजन उप्रेतीले पाए। उत्कृष्ठ गोलकिपर फ्रिडमका मुकुन्द थापा मगर, उत्कृष्ठ डिफेण्डर फ्रिडमकै राजनलाल नेपाली, उत्कृष्ठ मिडफिल्डर फ्रिडमकै राजकुमार केसी र उत्कृष्ट प्रशिक्षक पनि फ्रिडमकै रविमान गुरुङ घोषित भए । उनीहरुले नगद जनही ५ हजार प्राप्त गरे।

प्रतियोगितामा पूर्व राष्ट्रिय खेलाडी तथा कास्की जिल्ला फुटबल संघका उपाध्यक्ष खेम गुरुङलाई दोसल्ला ओढाई सम्मानपत्रबाट सम्मानित गरिएको थियो । विजेता तथा उपविजेता खेलाडीहरुलाई कास्की जिल्ला फुटबल संघका संस्थापक अध्यक्ष महेश गुरुङ, प्रतियोगिताका संयोजक एवं अध्यक्ष तथा पोखरा महानगरपालिका वडा नं १० का वडाध्यक्ष राजेश गुरुङ, प्रदेश खेलकुद परिषद गण्डकीका सल्लाहकार सुनिल गुरुङ, पोखरा महानगरपालिका वडा नं १० का निवर्तमान वडाध्यक्ष राजकुमार गुरुङ लगायतले शिल्ड, पदक तथा प्रमाणपत्र प्रदान गरेका थिए। प्रतियोगितामा १२ टोलीको सहभागिता रहेको थियो।

# कोन सहकारीमा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**



कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिं को आयोजनामा वचत तथा ऋण सहकारी संस्थाको वर्तमान समयमा समस्या, चुनौति एवं समाधानका उपायहरु विषयक अन्तरक्रिया कार्यक्रम शुक्रवार सम्पन्न भयो।

सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशका प्रमुख रमेश घर्तीले कार्यक्रमको उद्घाटन गर्दै सहकारीमा शिक्षा, चेतना र जागरण बढाउँदै सकारात्मक वातवरण सृजना गर्नुपर्नेमा जोड दिए। सहकारीमा देखिएका समस्या समाधानका लागि सहकारी अभियानका आन्तरिक संरचना, व्यवस्थापन, सदस्यहरूको कार्यदक्षता र व्यवहारलाइ प्रभावकारी बनाउनु पर्नेमा प्रमुख घर्तीले जोड दिए । सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशका अधिकृत चोलकान्त वाग्लेले बचत तथा ऋण सहकारीहरूलाई थप व्यवस्थित बनाउँदै नियमन क्षमतालाई अझै प्रविधिमैत्री बनाउनु पर्ने भने।

कार्यक्रममा कोन सहकारी संचालक समितिका पदाधिकारी, सल्लाहकारहरु, शेयर सदस्य र कर्मचारीहरुले आफ्ना जिज्ञासा राखेका थिए । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा सचिव शान्तकुमार श्रेष्ठले संचालन गरेका थिए।

# सिग्देल मार्ग टोल विकास संस्थाको अध्यक्षमा गोविन्द

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**



पोखरा महानगरपालिका वडा नं १३ स्थित सिग्देल मार्ग टोल विकास संस्थाको आठौं वार्षिक साधारण सभा तथा चौंथो अधिवेशनले गोविन्दप्रसाद सिग्देललाइ अध्यक्षपदमा चयन गरेको छ।

हालै भएको अधिवेशनले संस्थाको उपाध्यक्षमा कुशल सिग्देल, सचिवमा मुकुन्दप्रसाद सिग्देल र कोषाध्यक्षमा पार्वती देवी गुरुङ र सह सचिवमा कमला देवी बंजरा पगेनी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश बद्रिप्रसाद सिग्देल, सरस्वती रानाभाट, विले तामाङ, देवीलाल राना र सुनिता गोतामे रहेका छन् । सो अधिवेशनका उद्घाटन वडा नं १३ का वडा सदस्य सुचिता तामाङले गरेकी थिइन्।

# धम्पुसमा माटोको नाताले पनि मत पाउनेमा एमाले उम्मेदवार गुरुङको विश्वास

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

कास्की क्षेत्र नं. ३ (१) अर्न्तगत नेकपा एमालेका उम्मेदवार गणेशमान गुरुङले धम्पुसवासीले आफूलाई माटोको नाताले पनि मत दिनेमा विश्वस्त रहेको बताएका छन्।

चुनावी घरदैलोका क्रममा शनिवार गृह वडा माछापुच्छ्रे ७ धम्पुसमा भएका विभिन्न कोणसभालाई सम्बोधन गर्दै उम्मेदवार गुरुङले त्यस्तो बताएका हुन् । 'मैले तरुल खनेको वन यही हो, म हुर्केको ठाँउ यहि हो, यहाँ मेरो रगत, माटो तथा भुगोलको सम्बन्ध छ, यो धम्पुस मेरो प्राण भन्दा पनि प्यारो छ ।' उनले भने - 'मेरो जीतका लागि धम्पुसवासी सबै पार्टीभन्दा माथि उठी स्थानियका नाताले मत दिनुहुन्छ भन्ने विश्वासमा छु । र, मलाई अत्याधिक बहुमतले विजय गराउनुहुनेछ भन्नेमा पूर्ण आशावादी छु ।' आफूले धम्पुसमा पर्यटन, जल, जमिन, जडिबुटी लगायतको समुचित प्रयोग गरी विकास गर्ने पनि उनले स्पष्ट पारे। आफ्नो उम्मेदवारी भनेको आम धम्पुसवासीको हो भनेर बुझिदिन पनि उनको आग्रह छ । चुनाव जिते पनि हारे पनि खानीगाउँमा पानीको सहजता तथा खेल मैदान निर्माण, कोत्लेदेखि ल्वाङ र घान्द्रुक जोड्ने सडक स्तरउन्नती लगायतका विकासमा आफ्नो पहल रहने उम्मेदवार गुरुङले स्पष्ट पारे । 'केही नागरिकहरुले स्वःस्फुर्त रुपमा गणेशमान् जिताऊ अभियान सुरु गरिसक्नुभएको छ, म त्यसमा होमिन आम धम्पुसवासी समक्ष आग्रह गर्दछु।' गुरुङले भने। एमाले पोलिटव्यूरो सदस्य सीता गिरी वलीले नेपालको समृद्धि लागि एमालेलाई भोट दिनुको विकल्प नभएको बताइन् । धम्पुवासी समक्ष उनले भनिन्-'धम्पुस पर्यटकीय गाउँ हो, त्यहाँको विकासका लागि पर्यटन चिनेको धम्पुसकै छोरा चुनावी मैदान होमिएको छ, त्यसैले उक्त उम्मेदवारले अत्याधिक मत पाउनु पर्दछ भन्ने हो।'

# माछापुच्छ्रेको अलैंची जोनको जिल्ला समन्वय समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**



कास्कीको माछापुच्छे गाँउपालिका वडा नं ८ स्थित अलैँचीको सुपरजोन मानीने कोलेली र धितालको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल सहितको टोलीले स्थलगत अनुगमन गरेको छ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको अनुदानमा गरिएको अलैँची खेतीको अनुगमनको क्रममा प्रमुख पौडेल नगदे बालीको रुपमा चिनिने अलैँची खेती प्रति कृषकहरु निकै उत्साहित सँगै खेती विस्तारका लागि कृषकबाट माग भएको बताउनुभयो। 'माछापुच्छेबासीलाई अलैँची खेतीबाटै आत्मनिर्भर बनाउन सकिने संभावना प्रशस्त रहेछ । सेपिलो जग्गामा हुने अलैची खेतीमा कृषकको उत्साह र मेहनत पनि राम्रो देखियो।' उहाँले भन्नुभयो। खेर गएको जमिनलाई सदुपयोग गर्दै एकचोटिको मेहनतले लामो समय प्रतिफल लिन पाइने भएकाले यस क्षेत्रलाई अलैची गाउँको रुपमा विकास गरी कृषकका लागि थप कार्यक्रम ल्याउन आवश्यक रहेको उहाँको भनाइ छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका परियोजना कार्यान्वय इकाइ कास्कीका प्रमुख एवम वरिष्ठ कृषि अधिकृत रोशन अधिकारीले कास्कीका माछापुच्छे, अन्नपूर्ण र मादि गाउँपालिका विभिन्न वडाहरुमा अलैँची खेतीलाई अनुदान दिइएको र त्यसको प्रतिफल पनि राम्रो पाइएको बताउनुभयो । उहाँले भन्नुभयो 'माछापुच्छेको कोलेली, धिताल अलैँची जोनको अनुगमनमा कृषकहरु यसखेतीबाट लाभान्वित भएको पायौं, व्यक्तिगत र समूहमा गरेर अलैँची खेती गर्नुभएको छ, ।' उहाँले अनुदानबाट सिँचाइमा ८५ प्रतिशत र क्षेत्र विस्तार कार्यक्रम, चक्लाबन्दी, अलैँची सुकाउने आधुनिक भट्टि निर्माण, यन्त्र उपकरण, नर्सरी, अलैचिको बेर्ना लगायतमा ५० प्रतिशत अनुदान दिने गरिएको जानकारी दिनुभयो । अनुगमनको क्रममा केही कृषकको माग सम्बोधन नभएको गुनासो, बिक्रीका लागि भारतीय बजारको भर पर्नु परेको, केही ठाउँमा छहारी व्यवस्थापन गर्नुपर्ने आवश्यता, अलैँची बाली कटान त्यस पूर्वका कार्यका लागि स्थानीय कामदारको अभाव लगायतका समस्याहरु कृषकले सुनाएका थिए। यस कार्यक्रमले कृषकहरुलाई अलैचि खेति तर्फ आर्कषित गरेको उहाँको भनाइ छ । परियोजनाका सामाजिक विकास विज्ञ गोविन्द श्रेष्ठ अनुसार कास्की जिल्लाको माछापुच्छे गाउँपालिका वटा २, ६, ७ , ८ र मादिगाउँपालिकाको १,२,३, ८, १० र ११ त्यसैगरी अन्नपूर्ण गाउँपालिकाको वडा नं १,३,४,७, १० र ११ पोखरा महानगरको १६ र १९ मा अलैची जोनका लागि कार्यक्रम संचालन गरिएको छ। कोलेलीमा करिब ७० रोपनी जग्गामा अलैचि खेति गर्नुभएका ज्योति अर्गानिक कृषि फर्मका सञ्चालक नरेशराज लामिछानेले अहिले यस क्षेत्रका स्थानीय अलैची खेतिबाट निकै उत्साहित र लाभान्वित भएको बताउनुभयो। रोपेको ३ वर्षबाट उत्पादन दिन शुरु हुने, खेर गएको जग्गामा खेती गर्न सकिने र नगदे बालि भएकाले आयआर्जनको राम्रो माध्यम बनेको उहाँको भनाइ छ। माछापुच्छे मर्दी अलैचि ब्लक क्षेत्र संचालक समितिका अध्यक्ष दिपक पौडेलले उत्पादित अलैँची ब्लकको समन्वयनमा विर्तामोड केन्द्रमा लगेर विक्रि गरिने बताउनुभयो । उहाँले अघिल्लो वर्ष प्रतिकेजी ११ सय रुँपैया बिक्री गरीएकोमा अहिले ८ सय प्रति केजी रहेको र कृषकले उचित मुल्यको कुरेर बसेको बताउनुभयो । उहाँले अलैँचीको अन्तराष्ट्रिय बजार भएकाले यसको मुल्य सुची घटबढ भइरहने जानकारी दिनुभयो।

पौडेललेका अनुसार उक्तक्षेत्रमा बार्षिक १५ /१६ हजार केजी अलैँची उत्पादन हुने र करिब डेढ करोडको अलैँचीबाट आम्दानी गर्न सकिने साथै वेर्नाबाट पनि थप आम्दानी हुने बताउनुभयो । अनुगमनमा समन्वय अधिकारी नवराज बराल, परियोजनाका लेखापाल मिलन भुजेल, कृषि इन्जिनियम अर्जुन गौतम र पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा लगायत स्थानीय अलैँची कृषकहरुको उपस्थिती रहेको थियो।

# मदरल्याण्डमा जिल्लास्तरीय म्याथम्याटिक्स ओलम्प्याड

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ कार्तिक**

म्याथम्याटिक्स एशोसिएसन अफ नेपाल (म्यान)को आयोजनामा गणित विषयमा विद्यार्थीहरूलाई सक्रिय बनाउँदै अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी गराउने उद्देश्यले पोखराको मदरल्याण्ड माध्यमिक विद्यालयमा कास्की जिल्लास्तरीय म्याथम्याटिक्स ओलम्प्याड प्रतियोगिता शनिबार सम्पन्न भएको छ।

प्रमुख अतिथि एसोसिएसनका उपाध्यक्ष हरि प्रपन्न कँडेलले शुभकामना व्यक्त गर्दै यो प्रतियोगिता गणित विषयको विकासका लागि विद्यार्थीहरूलाई निकै उत्तम रहेको कुरा व्यक्त गरे । नेपाल भरिका पाँचसय विद्यार्थीहरूको सहभागिताबाट सय जना विद्यार्थीहरू छानिने र तिनीहरूलाई अन्तर्राष्ट्रिय प्रशिक्षकमार्फत प्रशिक्षण दिँदै पाँच चरणमा छनोट गरी अन्त्यमा नेपाल भरिबाट छ जना मात्र आगामी वर्ष जुन/जुलाईमा जापानमा हुने अन्तरर्ाष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाउने कुरा पनि उनले व्यक्त गरे । कार्यक्रममा विद्यालयका निर्देशक त्रिभुवन शर्माले प्रविधिको पृष्ठभूमि भनेकै गणित हो र विश्व विकास गराउने माध्यम पनि गणितले नै निर्धारण गर्दछ भन्दै यस कार्यक्रमले गणित विषयलाई मसिनो गरी समीक्षा तथा विश्लेषण गर्ने भएकाले विद्यालय तहका विद्यार्थीहरूका लागि निकै फलदायी रहेको कुरा भने। कार्यक्रममा विद्यालयका संस्थापक तथा एकेडेमिक डिन प्रेमनारायण पोखेलले विद्यालयमा अध्ययनरत विद्यार्थीहरू गणित विषयमा अभ्यस्त भई स्थानीय तहदेखि अन्तर्राष्ट्रिय स्तरसम्म प्रतियोगितात्मक रूपमा सहभागी हुने महत्वपुर्ण अवसर रहेको वताए। हरेक वर्ष यो कार्यक्रम हुँदै आए पनि पोखरामा भने पहिलोचोटि मादरल्याण्ड माध्यमिक विद्यालयमा आयोजना गरिएको यस वर्षको कार्यक्रममा कास्की जिल्लाभरिबाट कक्षा नौदेखि बाह्रसम्म अध्ययनरत विभिन्न विद्यालयका ७४ जना विद्यार्थीहरूको सहभागिता रहेको विद्यालयका संचार विभागका प्रमुख होमनाथ भट्टराईले पोखरापत्रलाइ वताए । विद्यालयका संस्थापक एवं दस जोड दुईका इन्चार्ज नारायण आचार्यको अध्यक्षतमा भएको कार्यक्रममा संचालन विद्यालयको दस जोड दुईका विज्ञान समूहका संयोजक शिक्षक एलबी (लोकवहादुर) गुरुङले गरेका थिए।

# कालीगण्डकी नदीमा र्‍याफ्टिङ सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
**कुश्मा, १९ कार्तिक**

कालीगण्डकी नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन हुने भएको छ।

साहसिक खेलमार्फत पर्यटक भित्र्याउन लागि परेको हार्नेस जीप लाइन तथा एड्भेन्चर रिसोर्टले र्‍याफ्टिङ सञ्चालनलाई निरन्तरता दिने थालेको हो। बिहीबार इजरायलदेखि आएका समूहलाई जलयात्रा गराउँदै र्‍याफ्टिङका लागि परीक्षणसमेत गरेको कम्पनीले छोटो दूरीमा जलयात्रा गर्न चाहनेले दुई घण्टा र लामो यात्राका लागि दुई देखि तीन दिनसम्मको यात्रा गराउने भएको छ। "अहिले कालीगण्डकी नदीमा र्‍याफ्टिङले निरन्तरता पाउन सकेको छैन । अब भने साउने बहरमा रहेको हार्नेस रिसोर्टदेखि र्‍याफटिङ सुरु हुनेछ", कम्पनीका सञ्चालक नरेन्द्र केसीले भन्नुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१